# मायादेवी गाउँपालिका
## Mayadevi Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office Of The Rural Municipal Executive

पकडी,कपिलवस्तु
Pakadi,Kapilvastu
लुम्बिनी प्रदेश,नेपाल
Lumbini Province,Nepal

मायादेवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पकडी, कपिलवस्तु लुम्बिनी प्रदेश, नेपाल

प.सं.२०८१/८२ मितिः २०८२/०२/१८

च.नं. २२२४

विषयः सामाजिक सुरक्षा कोषमा योगदानकर्ताको रुपमा सूचिकृत हुने सम्बन्धमा ।

श्री करार कर्मचारीहरु (सवै),
मायादेवी गाउँपालिका गाउँ कार्यपालिकाको
कार्यालय,पकडी कपिलवस्तु ।

प्रस्तुत सम्बन्धमा यस कार्यालयको मिति २०८२/०२/१८ गतेको निर्णय र नेपाल सरकारको मिति २०८१/१२/१५ को निर्णय बमोजिम यस मायादेवी गाउँपालिका, वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरुमा लुम्बिनी प्रदेशको स्थानीय निजामति सेवा ऐन २०८१को दफा १४३ को उपदफा १ बमोजिम करारमा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा २१ अनुसार योगदानकर्ताको रुपमा सूचीकृत हुन ईच्छुक कर्मचारीहरुले देहाय अनुसार कट्टी हुने गरी तपसिलका कागजात तथा विवरण सहित संलग्न ढाँचा बमोजिमको विवेदन यस कार्यालयमा मिति २०८२/०३/०१ गते भित्र पेश गर्नुहुन अनुरोध छ ।

देहायः

योगदानकर्ताले खाईपाई आएको तलबको दश प्रतिशत मायादेवी गाउँपालिकाबाट र दश प्रतिशत सम्वन्धित योगदानकर्ताको तर्फबाट कट्टा गरी जम्मा गर्नु पर्नेछ ।

तपसिलः

१. योगदानकर्ताको तीन पुस्ते पारिवारिक विवरण र सोसंग सम्बन्धित सक्कल प्रमाणपत्रहरु,
२. योगदानकर्ताको रोजगारसंग सम्वन्धित विवरण र प्रमाणपत्रहरु,
३. पासपोर्ट साईजको एक प्रति फोटो सहित यसै साथ संलग्न निवेदनको ढाँचा बमोजिमका सम्पूर्ण विवरणहरु ।

बोधार्थः

श्री अध्यक्ष/उपाध्यक्ष ज्यू अवगतार्थ ।
श्री सामाजिक सुरक्षा कोष, सम्पर्क कार्यालय, बुटवल,रुपन्देही जानकारीको लागि ।
श्री ८ वटै वडा कार्यालय आवश्यक सहयोग तथा समन्वय गरिदिनुहुन ।
श्री प्रशासन शाखा सम्पूर्ण वडा कार्यालयलाई ईमेल गरिदिनुहुन ।
श्री सूचना तथा प्रविधि शाखा यो पत्र कार्यालयको वेवसाइटमा अपलोड गरिदिनुहुन ।

..............................
राम कृष्ण तेली
नि.प्रमुख प्रशासकीय अधिकृत

राम कृष्ण तेली
नि. प्रमुख प्रशासकीय अधिकृत

Email: mayadevirm@gmail.com / Website: mayadevimunkapilvastu.gov.np

Scanned with CamScanner